# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
## गोलबजार, सिरहा
## प्रदेश नं. २ नेपाल

**पोखरी ठेक्का १४/२०७५।०७६ सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७६/०१/२९)

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आव २०७६/०७७ देखी २०७८/७९ सम्मको लागी माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी कोटेशन दिन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन कार्यालय समय भित्र रु १०।-को टिकट टाँसी यस कार्यालयको राजस्व शाखावाट रु १,०००।- को (अक्षरेपी एक हजार पछि फिर्ता नहुने गरी ) रसिद काटी कोटेशन यस कार्यालयको प्रशासन शाखावाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको आवेदन फर्म आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोह्रौ दिन दिनको २ वजेसम्म यस कार्यालयको प्रशासन शाखामा कोटेशन पेश गर्नेको नाम र ठेगाना तथा आफुले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराँउदा शिलवन्दी निवेदनसँग यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक सिरहामा संचालनमा रहेको धरौटी हिसाव नं. २१३०३०३०००३०२( कार्यालयको कोड न १६-३६५-२४) मा आफुले कवोल गरेको रकमको नेपाली भए ५ प्रतिशत र विदेशी भए १० प्रतिशतले हुने रकम जम्मा गरेको सक्कलै भौचर अनिवार्य पेश गर्नुपर्नेछ।|

३. दर्ता भएका सिलवन्दी कोटेशनहरु सि.न. २ मा उल्लेखित भएको दिन दिनको ३ वजे सम्वन्धित कार्यालय तथा कोटेशन दाता वा निजको प्रतिनिधिको उपस्थितीमा खोलिनेछ तर प्रतिनिधी उपस्थिती नभए पनि खोल्न वाधा पर्ने छैन।

४. कोटेशन खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदा पछि कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की वाँकी रकम वा नगद जिन्सी वुझाउन वाँकी रहेका व्यक्तीले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तीको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सुचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयले सुचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सुचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. प्रत्येका पोखरीको कोटेशन छुटाछुटै दिनुपर्ने छ।

८. ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्वन्धित व्यक्तीले ३ किस्तामा वा एकमुष्ठ रकम बुझाउन सकिनेछ। रकम एकमुष्ठ बुझाउँदा १० प्रतिशत छुट दिइनेछ तर किस्तामा बुझाउदा छुट दिइनेछैन किस्ता रकम बुझाउदा प्रथम किस्ता

आ.व. २०७६ साल असार मसान्त भित्रै र बाँकी दोस्रो र तेस्रो किस्ताको लागी यस कार्यालयको नाममा २०७९ साल श्रावण महिनाको मसान्त सम्मको बैंक ग्यारेण्टी (पर्फमेन्स वउण्ड) वा जमानत धितो राखी आ.व. २०७७/७८ र २०७८/७९ को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ। उक्त समय भित्र नबुझाए जमानतबाट असुल उपर गरिनेछ।

९. सि.न. ८ वमोजिम एकमुष्ठ रकम बुझाउदा तीनै आ.व.को तथा किस्तावन्दीमा बुझाउँदा प्रत्येक आ.व.को हिसावमा रकम बुझाएको सोही दिन वा सोको भोलीपल्ट चलनपुर्जी लिई सक्नुपर्नेछ।

१०. रित नपुगेको तथा म्याद नाघी आएको कोटेशन उपर कुनै कारवाही हुने छैन।

११. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तीवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१२. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ।

१३. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

१४. रकम कवोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कवोल गर्न पाइने छैन। सवैभन्दा वढी रकम कवोल गर्नेको र रित पुगेको कोटेशन स्वीकृत हुनेछ।

नगरपालिका क्षेत्रधिकार भित्र रहेको पोखरीहरुको विवरण आ.व.०७६। ०७७ देखी ०७८। ०७९ सम्म ठेक्का लाग्ने पोखरीहरु

| सि.न. | साविक गाविस वडा नं. | हालको वडा नं. | पोखरीहरुको नाम | पोखरीहरुको स्थान | किता न. | क्षेत्रफल | ३ आ.व. ०७६। ०७७ देखी ०७८। ०७९ को लागी न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुक्सार ९ | १ | भर्तिवाल वाधँ | ठकुरी टोल | | | २३१०० | |
| २ | मुक्सार ८ | १ | अनुपलाल पोखरी | अन्धाहा पोखरी | | | १०५०० | |
| ३ | मुक्सार ७ | १ | कशहा खोला पोखरी | बलडाडा पोखरी | | | २३१०० | |
| ४ | मुक्सार ६ | १ | सिता पोखरी | गुलरीया पोखरी | | | १२०० | |
| ५ | मुक्सार ६ | १ | खजनपुरीया पोखरी | खजनपुरीया पोखरी | | | ३६३०० | |
| ६ | मुक्सार ५ | १ | रामरस पोखरी | बहीरी बाध | | | १६५०० | |
| ७ | मुक्सार ५ | १ | बहिरी बाध | बहिरी बाध | | | ७१६१०१ | |
| ८ | मुक्सार २ र ३ | १ | महाजनी पोखरी | बलडाँडा | | | १७७१०० | |
| ९ | मुक्सार | १ | डाबर खता | झगरु महतो घरनिर | | | ६७१० | |
| १० | मुक्सार ५ | १ | शिचाई बाधँ | मुक्सार ५ | | | ३५००० | |
| ११ | लालपुर ८ ग | २ | कुम्भी खाडी | कुम्भी जाडी | १०९ | | ५०१००० | |
| १२ | जमदह ४क | ३ | रामकुमार वला पोखरी | जमदह ४ | ५१ | | ३३००० | |
| १३ | असनपुर ५ | ४ | भट्ट पोखरी | असनपुर ५ | | | ८३१११ | |
| १४ | असनपुर ३ | ५ | पोखरी | असनपुर ३ | | | २५३५१ | |
| १५ | असनपुर ३ | ५ | पोखरी | असनपुर ३ | | | १००१ | |
| १६ | असनपुर २ | ५ | पोखरी | असनपुर २ | | | १७९९५ | |
| १७ | असनपुर ४ | ५ | गौतम पोखरी | असनपुर ४ | | | २५००० | |
| १८ | असनपुर ८ | ६ | पोखरी | असनपुर ८ | | | ७०३१ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | चन्द्रलालपुर १ | ८ | गिठी वला पोखरी | चन्द्रलालपुर १ | १३४ | ०–१६–१३ | ४१३६०० | |
| २० | चन्द्रलालपुर ६ | ८ | बिष्ट घर निर को | चन्द्रलालपुर ६ | १६८ | ०–९–० | २३१८३ | |
| २१ | चन्द्रलालपुर ७ | ७ | कुर्मी टोल | चन्द्रलालपुर ७ | २१ | ०–१२–० | २६०० | |
| २२ | चन्द्रलालपुर ९ | ८ | भाईजीटोलको पोखरी | नि मा वि छेउ पोखरी | २ | १–६–० | ७२००० | |
| २३ | चन्द्रलालपुर ८ | ८ | खता पोखरी | चन्द्रलालपुर ८ | १२९ | ०–४–० | १७६० | |
| २४ | चन्द्रलालपुर ६ | ८ | भरत कुण्ड | मैनावती पूर्व ६ | | ०–१७–१० | २५०० | |
| २५ | चन्द्रोदयपुर १ | ९ | डण्डा पोखरी | डण्डा १ | १९ | ०–१९–० | ५९४००० | |
| २६ | चन्द्रोदयपुर ७ | ९ | इत्रेणी दह | चन्द्रोदयपुर ७ ख | | | ८०१०० | |
| २७ | चन्द्रोदयपुर ५ | १० | महिला पोखरी | धर्मपुर ५ | | | २५०० | |
| २८ | चन्द्रोदयपुर ६ | १० | भठी वला पोखरी | धर्मपुर ६ | | | ५००० | |
| २९ | चन्द्रोदयपुर ८ | १० | मुसहर्वा खोला पोखरी | गोविनदपुर ८ | | | १०९९० | |
| ३० | आ. वल्कवा १ | ११ | पोखरी | ढाङ्गर टोल | | | ५००० | |
| ३१ | वेतौना ४क | १२ | वेतौना २ | हरिदेव वाला | ८५ | | ८३०५० | |
| ३२ | वेतौना ४क | १२ | वेतौना २ | मोहन साह | १८३ | | ७५००० | |
| ३३ | वेतौना ४क | १२ | वेतौना २ | गाउ भित्र | गाउ ब्लक | | ७५००० | |
| ३४ | वेतौना ३ख | १२ | वेतौना ३ | गा.वि.स. भवन | ३१० | | १५०००० | |
| ३५ | वेतौना ८ | १२ | वेतौना ८ | मल्हटोली | ७३ | ०–१६–१६ | ६६११०० | |
| ३६ | वेतौना ४क | १२ | वेतौना ५ | अर्जिलाल | ३१४ | १–९–१० | २६०००० | |
| ३७ | वेतौना ३ग | १२ | वेतौना ३ | दुर्गा मन्दिर | १६ | ०–१९–१९ | ३००००० | |
| ३८ | वेतौना ४ग | १२ | वेतौना ५ | मिनहै | ३० | | ५५००० | |
| ३९ | वेतौना ४ग | १२ | वेतौना ५ | नंगुर्वा | २१० | १–८–५ | ३००००० | |
| ४० | वेतौना ९क | १२ | वेतौना ९ | हरिदेव महतो | ३३१ | | १५००० | |
| ४१ | वेतौना ६क | १२ | वेतौना ७ | शिव मन्दिर | २५० | ०–१५–१५ | ७१६१०० | |
| ४२ | वेतौना ८ | १२ | वेतौना ८ | रामजानकी मन्दिर | २५३ | | ५५०५५० | |

गोलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गोलबजार, सिरहा।